खडक नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी

औषधीउपकरण तथा सर्जिकल समान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्रआहवानको सूचना

**प्रथम पटक प्रकाशित मिति - २०७८/०१/१७**

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाको लागिचालु आ.व. २०७७/०७८ नेपाल सरकार शर्शत अनुदान स्वास्थ्य अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधी, उपकरण तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड, उत्पादक कम्पनी तथा वितरक बाट निम्न सर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्रपेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

१ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (२०७८/०१/३१) दिन भित्र रु. १,०००/- (फिर्ता नहुने गरी) यस न.पा.को राजश्व शाखामा नगद दाखिला गरि आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण-पत्र, औषधी व्यवस्था विभागबाट औषधी कारोबार गर्न लिएको इजाजतपत्रको ०७७/०७८ को नविकरण भएको प्रमाणित प्रतिलिपि, आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्र समेतको प्रतिलिपिहरु संगलन राखि रु. १० को टिकट टाँसी शिलबन्दी दरभाउपत्र दातावानिजको आधिकारीक प्रतिनिधिले शिलबन्दी दरभाउपत्र फारम यस कार्यालयको स्टोर(राजश्व) फाटँमा निवेदन पेश गरि शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२ सुचना प्रकाशित भएको मितिले १६ औं (२०७८/०२/०१)दिनको १२:०० बजे भित्रशिलबन्दी दरभाउपत्र रितपूर्वक भरी यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएकाशिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधापर्ने छैन । शिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिलागर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ र शिलबन्दी दरभाउपत्र १६ औं दिनदिनको २:०० बजे खुल्नेछ ।

३ सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानतवापतको रकम कृषिबिकास बैंक शाखा कार्यालय कल्याणपुर सप्तरीमा रहेको खडकनगरपालिकाको कार्यालय धरौटी खाता नम्बर ११०३७०१५०८००४०४७मादाखिला गरेको सक्कलै बैंक भौचर वाकम्तीमा ७५ दिन म्याद ( शिलबन्दी दरभाउपत्रदर्ता गर्ने अन्तिम मिति देखि) भएको मान्यताप्राप्त बैंकको विडवण्ड (जमानतप्त्र) शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्रदाताले मूल्यअभिबृद्धि करबाहेकको दर अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर स्पष्ट उल्लेख भएको दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यतादिईनेछ ।

४ सम्पूर्ण आइटमको बोल कबोल गरेको दरले हुनआउने न्युन्तम जम्मा मूल्यको दरभाउपत्रदाताको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ र शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

५ शिलबन्दी दरभाउपत्रदाताले आफुले खरिद गरेकै शिलबन्दी दरभाउपत्रदर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको शिलबन्दी दरभाउपत्रलाई मान्यतादिइने छैन । साथै शिलबन्दी दरभाउपत्रमा कुनै शर्त राखि पेश गरेमा मान्य हुने छैन ।

६ स्वीकृत शिलबन्दी दरभाउपत्रअ नुसारको सामान एकमुष्ट वा आवश्यकतानुसार पटक-पटक आदेश दिई खरिद गरिनेछ । साथै सप्लाई गरिने औषधीको म्याद स्टोर दाखिला भएको मितिले कम्तीमा १८ महिनाको हुनुपर्नेछ र १२ महिना मात्र म्याद हुने औषधीको हकमाकम्तीमा ९ महिना म्याद बाँकी भएको हुनुपर्नेछ

७ रित नपुगेको शिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन । साथै शिलबन्दी दरभाउपत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अवधी भित्र औषधी बुझाउन पर्नेछ र कबोल गरेको औषधी बुझाउन नसकेमा सार्वजानिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम कार्बाही हुनेछ । सम्पूर्ण करहरु र कार्यालयको गोदाम घरसम्मको ढुवानी खर्च शिलबन्दी दरभाउपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।

८ सप्लाई हुने औषधीको प्रत्येक स्ट्रीपमा र प्रत्येक प्याकिङ्गको बाहिर समेत उत्पादनमिति, Expiry Date , ब्याचनम्बर र नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि(Free Supply For Ministry of Health, Nepal) स्पष्ट रुपमा देखिने गरी लेखिएको हुनुपर्नेछ ।

९ शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयको स्टोर फाटँ र स्वास्थ्य शाखाबाट बुझ्न सकिनेछ ।

१० WHO, GMP Certified Companyहरुको औषधीमात्र सप्लाई गर्नुपर्नेछ र उपकरण तथा सर्जिकल सामानहरु गुणस्तर युक्त कम्पनी र नेपाल सरकारबाट बन्देज नलगाईएको हुनुपर्नेछ । प्रत्येक औषधी,उपकरण तथा सर्जिकल आईटमको नमूना(Sample) को सिलबन्दी गरी शिलबन्दी दरभाउपत्र दर्ता गर्दा पेश गर्नु पर्नेछ ।

११ प्राप्त भएको औषधी, उपकरण तथा सर्जिकल सामानको सक्कलबिल छुटाछुटै प्राप्त भई स्टोर दाखिला भएपछि बजेट निकासाको आधारमा भुक्तानी दिईनेछ ।

१२ सार्वजानिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार शिलबन्दी दरभाउपत्रदाता खरिद कारबाहीमा आफनो स्वार्थ नबाँझिएको सम्बन्ति पेशा वाव्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भन्ने लिखित रुपमा घोषणा पत्र समेत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

१३ आपूर्ति गरिने औषधीहरु चक्की र क्यापसुल स्ट्रीप फर्ममा र बोतलको हकमा प्लाष्टिक बोतल मात्र सप्लाई गर्नु पर्ने छ ।

१४ शिलबन्दी दरभाउपत्र फारममा आफुले सप्लाई गर्ने प्रत्येक औषधी,उपकरण तथा सर्जिकल सामग्रीहरुको आईटम वाईज उत्पादककम्पनीको नाम अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।

१५ आ.व. २०७७/०७८ को लागि औषध ीखरिदमा बजेट रकमथप घट भएको अवस्थामा यसै शिलबन्दी दरभाउपत्रको दररेट अनुसार खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.को २०७८असार मसान्त सम्म कायम रहनेछ ।, थप मूल्य बृद्धिलाई स्वीकार गरिने छैन ।

१६ शिलबन्दी दरभाउपत्रदाताले उपलब्ध गराइने औषधी गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसरी फिर्ता गर्दा लाग्ने ढुवानी खर्च शिलबन्दी दरभाउपत्रदाताले बेहोर्नु पर्ने छ ।

१७ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३, तथानियमावली, २०६४ अनुसार हुनेछन् ।

१८ अन्य जानकारीकोहकम खडक नगरकार्यपालिकाको कार्यालय कल्याणपुर सप्तरी, स्टोरफाँट र स्वास्थ्य शाखामा सम्पर्क राख्नुहुन ।

१९ औषधी, उपकरण तथा सर्जिकल समानको जम्मा लागत विवरण :

| सि.नं. | विवरण | लागतअनुमान रकम मू.अ.कर बाहेक | धरौटी रकम २.५ % | दरभाउपत्रफारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | औषधीउपकरण तथा सर्जिकल समानहरु | रु.९,८७,००० /- | रु.२५,००० /- | रु.१००० /- | |

प्रमुख प्रशासकीय अधिकृत
खडक नगरपालिकाकोकार्यालय कल्याणपुर,सप्तरी

निरज कुमार देव
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)